बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, धादिङ

(कार्यक्षेत्र धादिङ जिल्ला)

प.सं : २०८२/०८३ (यो.शा) धादिङबेसी, धादिङ, नेपाल ।

च.नं :

## कफि खेती कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. १५/२०८२/०८३

सूचना प्रकाशित मितिः २०८२/१२/०९

कृषि विकास कार्यालय, धादिङको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम (धादिङ) सञ्चालन सम्बन्धमा मिति २०८२/१२/०५ गतेको एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम (धादिङ), विशेष पकेट क्षेत्र निर्देशक समितिको निर्णय अनुसार धादिङ जिल्लामा छनौट भएको गंगाजमुना गाँउपालिकाका ७ वटै वडाहरुमा कार्यक्रम सञ्चालन गर्न इच्छुक योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/१२/२९) सम्म, कार्यालय समयभित्र आइपुग्ने गरि देहाय बमोजिमका कागजातहरू सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धादिङमा वा गंगाजमुना गाउँपालिकाको कृषि शाखामा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | योग्य आवेदक | कार्यक्रम बजेट रू. लाखमा | बाली | निर्धारित क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | एक जिल्ला एक विशेष कृषि पकेट क्षेत्र कार्यक्रम (धादिङ) | संख्या | १ | कृषक समूह, कृषि सहकारी, निजी फर्म/कम्पनी/उद्दमी/जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समिति | ३५ | कफि | गंगाजमुना गाउँपालिकाको ७ वटै वडाहरू |

**प्रस्तावपत्र/आवेदन पेस गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. स्वीकृत कार्यविधिको अनुसुची ५ र ६ बमोजिमको ढाँचामा आवेदन तथा प्रस्तावना पत्र ।

२. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, सञ्चालन एवम् अख्तियारी प्राप्त व्यक्ती तोकिएको सम्बन्धी संस्थाको निर्णयको छाँयाकपी ।

३. अख्तियारी प्राप्त व्यक्ती/प्रतिनिधिको नागरिकताको छाँयाकपी ।

४. समूह/सहकारी/निजि फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरू

गोविन्द प्रसाद पोखेल

कार्यालय प्रमुख

फोनः ०१०-५२०१२८ इमेलः akcdhading@gmail.com वेवसाईटः https://dhading.ado.gov.np

" कृषि मुलस्चः जीवनम "

५. सम्बन्धित स्थानिय तहको कार्यक्रम संचालन सम्बन्धि आवश्यक सिफारिस पत्र।

६. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपी। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियनानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपी।

७. छनौट भएको खण्डमा न्यूनतम पाँच वर्षसम्म व्यवसाय सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने तथा दोहोरो अनुदान सुविधा नलिने सम्बन्धी स्वीकृत कार्यविधिमा उल्लेखित अनुसूचि-७ बमोजिमको प्रतिबद्दता पत्र।

८. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि गत आ.ब. २०८१/०८२ मा अनुदान प्राप्त गरे/नगरेको अनुसूची १२ बमोजिमको स्व-घोषणा।

९. समुह/सहकारीको हकमा गत आ.व. मा अनुदान रकम प्राप्त गरेका कृषकहरुको विवरण पेश गर्नु पर्ने साथै कार्यलयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु।

१०. प्रस्ताव/आवेदन साथ पेस गर्नु पर्ने कागजात तथा अन्य विस्तृत जानकारी कार्यालयको वेभसाइट https://dhading.ado.gov.np र कार्यालयको फेसबुक पेज कृषि विकास कार्यालय धादिङ मा अपलोड गरिएको सूचनाबाट प्राप्त गर्न सकिनेछ ।

११. यो कार्यक्रमसँग सम्बन्धित कार्यविधि 'एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेवसाइट http://molmac.bagamati.gov.np मा गइ डाउनलोड गर्न सकिनेछ।

०८२।१२।६

गोविन्द प्रसाद पोखेल
कार्यालय प्रमुख
अधिकृतस्तर दशौं